स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चर्चित भारतीय गायक पपोनले शुक्रवार काठमाडौंमा कन्सर्ट गरेका छन् । चुच्चेपाटी स्थित हायात ग्राउन्डमा आयोजित कन्सर्टमा उनले आफ्नो प्रस्तुतिमार्फत दर्शकलाई झुमाएका थिए । कोक नेपालको काठमाडौं इज कूकिंग नामक कार्यक्रममा उनीसँगै नेपाली कलाकारहरुले पनि आफ्नो प्रस्तुति दिएका थिए । पपोनको वास्तविक नाम अङ्गाराग महन्ता हो ।

आजको विचार...



डा. नारायण चालिसे

हामी किन...
(दुई पेजमा)



अहिले छायाङ्कनमा रहेको फिल्म हो 'पुजार सार्की'। फिल्म कास्कीको कास्कीकोटमा छायाङ्कन भैरहेको छ । छायाङ्कन चलिरहेको समय फिल्मको २५ सेकेन्ड लामो भिडियो युट्युबमा अपलोड भएको छ । भिडियो युट्युबमा आएपछि यसको निर्माण पक्षले दृश्य लिक भएको भन्दै हल्ला गरेको छ । रोचक कुरा के छ भने फिल्मको सुटिङ सेटबाट नायक आर्यन सिग्देलको २५ सेकेन्ड लामो नृत्यको दृश्य लिक हुँदा यसको निर्माणपक्षले कतै उजुरी गरेको पनि छैन र हटाउन पनि लगाएको छैन । उल्टै दृश्य लिक भयो भन्दै प्रचार गरिरहेको छ ।

❐ वर्ष २९ ❐ अंक २२८ ❐ २०८० चैत ४ गते आइतबार 17 March 2024, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सडकमा मकै पोल्ने र सालको पात बेच्नेलाई स्थानीय सरकारको सहयोग

हाम्रा संवाददाता

**बुटवल,** चैत ३/ अधिकांस स्थानीय सरकारको ध्यान सडक र पूर्वाधार निर्माणमा मात्र केन्द्रीत हुने गरेको छ । साझाँ विहान हात जोड्न धौं धौं हुनेहरुका लागि सडक र पूर्वधार निर्माणले कुनै अर्थ राख्दैन ।

गरिब, विपन्न र असहायहरुको समेत अभिभावक बन्नुपर्ने स्थानीय सरकारहरु सडक र भवन निर्माणमै तछाडमछाड गरिएरहेका छन् । तर केही स्थानीय सरकार भने तिनै विपन्न, असहायहरुका लागि असल अभिभावक बन्ने प्रयास गरिरहेका छन् । बुटवलको बुटवल उपमहानगरपालिकाले साँझ विहान चुलो बाल्न सडकमा मकै पोल्ने हुन् वा सालका पात बेचेर जीवन चलाई रहेकाहरु हुन् उनीहरुको दुखमा अभिभावकिय भूमिका निर्वाह गर्ने गरेको छ । उसले बुटवलका विभिन्न सडक छेउमा बसेर मकै बेच्ने र सालका पात टिपेर बेच्दै आएका महिलाहरुको कामलाई थप परिष्कृत र व्यवसायिक बनाउने उद्देश्यले उपकरण खरिदका लागि अनुदान सहयोग गरेको छ । उपमहानगरपालिकाले परम्परागत पेशा व्यवसाय प्रवर्द्धनका लागि मकै पोल्ने र सालको पात बेच्ने महिलाहरुलाई उपकरण खरिद तथा क्षमता विकासका लागि अनुदान उपलब्ध गराएको हो । मकै पोल्ने र सालको पात बेचेर



जीवन गुजारा गरिरहेका ३७ जना महिलाहरुलाई जनही ५/५ हजारका दरले सहयोग उपलब्ध गराइएको उपमहानगरपालिकाले जनाएको छ ।

नगर प्रमुख खेलराज पाण्डेय, उपप्रमुख सावित्रादेवी अर्याल, प्रमुख प्रशासकीय अधिकृत मित्रमणी खनाल र प्रवक्ता शिव रानाले ३७ जना महिलाहरुलाई सम्मानसहित सो रकम हस्तान्तरण गरेका थिए । प्रमुख पाण्डेयले बुटवललाई सबैले अपनत्व महसुस गर्ने गरी साझा सहरका रुपमा स्थापित गर्न र परम्परागत पेशा र व्यवसाय अंगालेका महिलाहरुलाई प्रोत्साहन गर्न केही सहयोग गरेको बताए । उनले नगरले दिएको रकमले महिलाहरुले आफ्नो पेशा व्यवसायलाई थप स्तरीय बनाउनका लागि सहयोग हुन विश्वास व्यक्त गरे । उनले बुटवललाई समानता, स्वाभिमान र अवसरसहितको बस्नयोग्य सहर बनाउने उद्देश्य लिएको र सोहीअनुसार काम गर्दै आएको पनि बताए ।

प्रमुख पाण्डेयले बुटवललाई देशमै उत्कृष्ट सहर बनाउने योजनाका साथ नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा ल्याएको बताउँदै नगरवासीको साथले मात्रै बुटवललाई समृद्ध बनाउन सकिने बताए । उपप्रमुख सावित्रादेवी अर्यालले सानो अनुदानले महिलाहरुले आफ्नो पेशा र व्यवसायलाई थप प्रभावकारी बनाउन सहयोग पुग्नेमा आफुहरु विश्वस्त रहेको बताइन् ।

## सक्षिप्त समाचार

### लुम्बिनीबाट भिक्षुहरुको धम्मयात्रा सुरु

लुम्बिनी, चैत ३/बुद्धजन्मस्थल लुम्बिनीबाट एक हजार दुई सय ५० जना श्रामणेर (अल्पकालीन) भिक्षुहरुको धम्मयात्रा शनिबारदेखि सुरु भएको छ । मायादेवी मन्दिरबाट श्रामणेरहरुले धम्मयात्रा सुरु गरेका हुन् । यात्रा दुई दिनपछि पूरा हुनेछ । श्रामणेरलाई लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराई (सिद्धिचरण), सदस्य सचिव सानुराजा शाक्य, कार्यकारिणी सदस्य विश्वराज पौडेल, वरिष्ठ निर्देशक ज्ञानिन राई, सूचना तथा जनसम्पर्क अधिकृत डा हरिध्वज राईले मायादेवी मन्दिर परिसरमा पुष्प अर्पण गरी यात्रा सुरु गराएका हुन् । लुम्बिनीबाट सुरु भएको धम्मयात्रा शनिबार भैरहवा र आइतबार नवलपरासीको रामग्राम पुग्नेछ । लुम्बिनीमा बुद्धशिक्षालाई प्रवर्द्धन गर्ने कोषका कोषाध्यक्ष भट्टराईले बताए । अखिल नेपाल भिक्षु महासंघ र थाई भिक्षु महासंघको आयोजना, लुम्बिनी विकास कोषसहितका संस्थाहरूको सहआयोजनामा फागुन १६ गतेदेखि एक हजार दुई सय ५० जनालाई कुलपुत्र प्रव्रज्या (अल्पकालीन भिक्षु) गराइएको हो । भिक्षुहरुको जीवनमा धम्मयात्रालाई महत्वपूर्ण मानिने सदस्यसचिव सानुराजा शाक्यले बताए । अल्पकालीन भिक्षुहरूले पहेँलो चिवर लगाएर बुद्ध धर्मका १० नियम पालना गर्ने गर्दछन् । सामान्य अनुयायीहरूले पञ्चशील र अष्टशीलको पालना गर्ने भए पनि अल्पकालीन भिक्षुले २० दिनसम्म पूर्ण रूपमा बौद्ध नियममा आफूलाई रूपान्तरण गर्नुपर्नेछ । भिक्षु बन्न दुई सय २७ वटा नियम पालना गर्नुपर्ने हुन्छ । **-रासस**

## परम्परागत खेती छाडेर कफीखेतीमा गुल्मीका कृषक

**गुल्मी,** चैत ३/गुल्मीमा परम्परागत कृषि पेसा गर्दै आएका कृषक आजभोलि कफीखेतीमा लागेका छन् । जिल्लाको मदाने गाउँपालिका-३ अन्तर्गत सिर्सेनीस्थित तोरेटाका कृषकले बारीमा मकै र कोदो लगाउन छोडेर कफीखेती सुरु गरेका हुन् ।



यहाँका कृषकको रोजाई यतिबेला परम्परागतरूपमा उत्पादन गरिने मकै र कोदोलाई छाडेर कफीखेतीमा परेको छ । प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनाले कृषकलाई व्यावसायिकरूपमा कफीखेती गर्न उत्प्रेरित गरेको हो । परियोजनाले कृषकलाई कफीको उत्पादन र महत्वबारे जानकारी गराउँदै खेतीका लागि अनुदान उपलब्ध गराउन सुरु गरेपछि कृषक कफीखेतीमा आकर्षित बनेका हुन् । परम्परागत खेतीबाट बादर, बदैँल, दुम्सी तथा चराचुरुङ्गीबाट हैरानी खेप्दै आइरहेका अवस्थामा कफीखेती कृषकको लागि अन्य बाली उत्पादनको तुलनामा थप सजिलो बनेको छ । सिर्सेनीका कृषकले समूहमार्फत गाउँमा तीनधारे कफी उत्पादन कृषक समूह गठन गरेका छन् । तीन वर्षअघि गठन भएको उक्त संस्थामार्फत यहाँका प्रत्येक घरधुरीले व्यावसायिकरूपमा कफीखेतीको सुरुआत गरेका हुन् । प्रत्येक घरमा ५० देखि दुई हजारसम्म कफीका बोट छन् ।तीन वर्षअघि रोपेका बोटले फल दिन सुरु गरेपछि कृषक उत्साहित बनेका छन् । सिर्सेनी टोरेटाका कृषक मेघलाल अर्याल यस क्षेत्रमा सबैभन्दा धेरै कफी लगाउने कृषकमध्येमा पर्छन् । उनको बारी यतिबेला दुई हजारभन्दा कफीका बोटले ढपक्कै ढाकेको छ । चाँडै हुर्किएका बोटले उत्पादन दिन सुरु गरेका उनले बताए । 'विगतमा मकै र कोदो रोप्दै आएका बारीहरू अहिले सबै कफीले ढपक्क ढाकेका छन्', अर्यालले भने 'दश रोपनी जग्गामा सबै कफी लगाएको छु ।' उनीजस्तै सोही गाउँका शशिधर अर्यालले सुरुमा बिरुवा हुर्काउन समस्या परे पनि अहिले कफीखेतीले आशा जगाएको बताए । परियोजना गुल्मीकी प्रमुख गंगाकुमारी पोखेलले व्यावसायिक कफीखेतीको विस्तारका लागि कार्यालयकातर्फबाट बिरुवा, मल, सिँचाइ, छहारीका लागि नेटजाली लगायतमा अनुदान उपलब्ध गराउँदै आइएको बताइन् । साथै गाउँमा कफी पाठशाला सञ्चालन गरेर कृषकलाई व्यावसायिक र प्राविधिक ज्ञान दिने गरिएको उनले जानकारी दिइन् । जिल्लामा कफीखेतीमा कृषकको आकर्षण बढे पनि समयसमयमा देखिने गवारो, ढुसी र डढुवा संक्रमणका कारण कफीका बोटमा क्षति पुग्ने गरेको कृषकले गुनासो गर्दै आएका छन् । समयमै यस्ता समस्याको समाधान गर्नसकेमा जिल्लामा व्यावसायिक रूपमा कफीखेती गर्ने कृषकको संख्यामा उल्लेखनीयरूपमा वृद्धि हुने जिल्ला समन्वय समिति गुल्मीका प्रमुख दोर्णबहादुर खत्रीले बताए । गुल्मीमा अहिले दुई सय ४१ हेक्टर क्षेत्रफलमा कफीखेती गरिँदै आएको कृषि ज्ञानकेन्द्रले जनाएको छ । जिल्लामा आर्थिक वर्ष २०७९/८० मा ३० मेट्रिकटन कफी उत्पादन भएको थियो । सो अन्तर्गत आठ टन ग्रिनविन मात्र तेस्रो मुलुकमा निर्यात भएको छ । पछिल्लो समयमा कृषि ज्ञानकेन्द्र, प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना, कफी विकास केन्द्र आँपचौर, कफी अनुसन्धान केन्द्रलगायत कार्यालयका साथै स्थानीय तहले जिल्लामा रहेका कृषकलाई कफी खेतीमा लाग्न प्रेरित गर्दै आइरहेका छन् । **-रासस**

अनाधिकृत फोन सम्बन्धि सूचना !

आदरणीय सम्पूर्ण ग्राहक महानुभाव ज्यूहरु,

केही दिन यता यस पाल्पा क्षेत्रका बैंकका ग्राहक महानुभावहरुलाई KYC अद्यावधिक गर्न भन्दै बैंकबाट भनि अनाधिकृत फोन नं. ९७४६६४२४०८ बाट फोन आएको कुरा जानकारीमा आएकोले, कोही कसैलाई यसरी फोन नंम्बरबाट, फोन आएमा आफ्नो कुनै किसिमको व्यक्तिगत विवरण त्यस्ता अनाधिकृत व्यक्तिलाई नदिनु हुन र आफ्नो फोनमा आएको OTP नंम्बर कहिल्यै कसैलाई नभन्नु/नदिनु हुन अनुरोध गर्दछौं र कुनै पनि बैंकले यसरी कोही कसैसंग OTP नंम्बर नमाग्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

साथै उक्त फोन कुनै बैंकको आधिकारीक फोन नभएकोले, आ-आफ्नो फोन सेटमा उक्त फोन नं. ९७४६६४२४०८ लाई ब्लक गरी स्वत: सुरक्षित हुन र कहिल्यै पनि यस्ता प्रकारका अनाधिकृत फोनलाई वेवास्ता गर्नु हुन साथै यस सम्बन्धमा अन्य व्यक्तिहरुलाई समेत जानकारी गराई सचेत हुन समेत विनम्र अनुरोध गर्दछौं ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## नयाँ गठबन्धन र प्रतिपक्ष

नयाँ गठबन्धन बनेपछि प्रतिधिसभाको बैठकमा सत्तापक्ष र प्रतिपक्षबीचको घोचपेच चलेको छ । प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहालले नयाँ उचित कदम भन्दै सम्बोधन गरे पछि भने प्रतिपक्षले नयाँ गठबन्धनको विरोध गर्दै आएको छ । प्रमुख प्रतिपक्षी काग्रेसले प्रधानमन्त्री यही गतिमा हिंड्ने हो भने १३ पटक गठबन्धन फेरिने बताएको छ । नयाँ गठबन्धनमा सहभागी एमालेले भने यसलाई स्वभाविक संसदीय परम्पराको रूपमा लिनुपर्ने बताएको छ । शुक्रबारको प्रतिनिधि सभाको बैंठकमा समेत प्रमुख प्रतिपक्ष काँग्रेसले सहकारी ठगीमा संलग्न व्यक्तिलाई गृहमन्त्री नियुक्त गरेकामा प्रधानमन्त्री पुष्पकमल दाहालबाट जवाफ माग्दै संसद् अवरुद्ध गर्न पुगेको छ । उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने गोर्खा मिडिया नेटवर्कको प्रबन्ध निर्देशक हुँदा त्यसका अध्यक्ष जीबी राईसहितको समूहले पोखरा, चितवन, बुटवल, वीरगन्ज, नेपालगन्ज र काठमाडौंका सहकारीका बचतकर्ताको करोडौं रकम हिनामिना गरेको आरोप काग्रेसले लगाएको छ । यो प्रकरणमा गृहमन्त्री लामिछानेसमेत संलग्न भएको देखिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले चित्तबुझ्दो जवाफ दिनुपर्ने माग काँग्रेसको छ । उसले अहिले यही कुरालाई केन्द्रविन्दुमा राखेर प्रतिपक्षको भूमिका निर्वाह गरिरहेको छ ।

सामान्यतः लोकतान्त्रिक शासन व्यवस्थामा बहुमत प्राप्त दल वा गठबन्धनले सत्ता सञ्चालन गर्ने र अन्य दल प्रतिपक्षमा रहने प्रचलन छ । सोही अनुसार काँग्रेससहितका केही दलहरु अहिले प्रतिपक्षको भूमिकामा रहेका छन् । सरकारी लापरवाही, भ्रष्टचार, गैरजिम्मेवारीपन तथा ढिलासुस्तीविरुद्ध आवाज उठाउनु जिम्मेवार प्रतिपक्षको मुख्य भूमिका हो । त्यसैले, जनसरोकार र राष्ट्रियताका सवालमा यो समूह बढी चिन्तित, संवेदनशील अनि रचनात्मक हुनैपर्छ । यद्यपी संविधानको भावना अनुसार सत्ता र प्रतिपक्षबीच सिर्जनात्मक सम्बन्ध स्थापित हुन सकेको छैन् । यो अत्यन्त दुखको कुरा हो । संसद् रचनात्मक बन्नुपर्छ । सधै भरी संसद् अवरोध गर्नु पनि राम्रो होइन् । सत्तापक्षले पेल्नैपर्छ र विपक्षले विरोध गरिरहनुपर्छ भन्ने संस्कृतिले हाम्रो संसदीय राजनीति घृणित बन्न थालेको छ । यस्तो हुनु गलत हो । अघिल्ला संसद्मा प्रतिपक्षले धेरै दिन अवरुद्ध पारेको गलत नजिर अहिले फेरि दोहोरिनु हुँदैन । सरकारले प्रतिपक्षले उठाएका जायज मागहरुलाई तत्काल सम्बोधन गर्नुपर्छ र प्रतिपक्षले पनि सत्ता स्वार्थका लागि मात्रै नभई जनसरोकारका विषयमा आफ्ना आवाजलाई रचनात्मक ढंगले राख्नु पर्छ । जल्दाबल्दा समस्याप्रति गैरजिम्मेवार बन्नु कसैका लागि पनि फलदायी हुँदैन । यसर्थ सरकार र प्रतिपक्षले सुझ, बुझका साथ आफ्ना गतिविधिहरु अगाडि बढाउन जरुरी छ ।

### Opinion @ Social Network

कसैको मुल्यांकन अनुहार हेरेर हैन व्यवहार हेरेर गर्नुस ।

(कृष्ण अर्यालको फेसबुक स्टाटस https://www.facebook.com/krishna.aryal)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हामी किन रुन्छौँ ? हामीलाई नै थाहा छैन सुदर्शन बाबु !



डा. नारायण चालिसे

स्मृतिहरू कति गहिरो गरी बस्दारहेछन् मनको कुनाकुनासम्म पुगेर । जतिपटक जन्मस्थल जान्छु त्यतिपटक नयाँ ढङ्गले ठोक्किन आइपुग्छन् यादहरू । हरेक पटक नयाँ बनेर आइपुग्छन् बाल्यकालीन घटनाहरू । हरेकलाई यस्तै हुँदो हो कि ? म सोच्छु । अलि कोमल नै हो मन हाम्रो वा हामी काँचारागहरू बोकेरै बाँचिरहेका छौँ माधवी र गालवजस्तो । गालव गुरु महर्षि विश्वामित्रका मेधावी शिष्यपछि महर्षिकै नामले सुपरिचित अनि माधवी नहुष कुलका चन्द्रवंशी राजा ययातिकी पुत्री अप्सरा कन्याका नामले महाभारतमा प्रसिद्ध छन् । अनि त्यस्ताकामनाहरू बोकेर हिंडिरहेका छौँ जहाँ एउटाको अभावमा अर्काको जीवन अपूर्ण छ । जननी र जन्मभूमिलाई स्वर्गभन्दा पनि ठूलो ठानिएको छ । मर्त्यलोकका मानिसलाई स्वर्गको अनुभव छैन बयान मात्र सुनिएको छ त्यो पनि कहिल्यै कोही नगएका ठाउँको कल्पना गरेर बनाइएको कथाजस्तो ।

कुनै ठाउँका बारेमा अतिशय वर्णन गर्दा जेजति कुरा भन्न मिल्छ त्यति कुरा भनेर मानिसलाई स्वर्गको लोभ देखाइएको छ । असल कर्म वा पुण्यकर्म गरे स्वर्ग गइन्छ भनेर गरिएको बयानमा अटाएको, स्वर्गसँग दाँजिएको अनि स्वर्गभन्दा अझै गरीयसी जन्मभूमि निश्चय पनि त्यसै विशिष्ट बनेको होइन । जन्मभूमिसँग दाँजिएको स्वर्ग सुन्दर अवश्य होला तर यदि अहिले हामीलाई लागेजस्तै मनलाई गह्रौं पारेर बसिरहने विषय हो भने स्वर्ग पनि यस्तै कटक्क मन खाने प्रिय अतृप्तिको नाम होला भन्ने लागेको छ । यदि यस्तै हो भने कलियुगका मानिसलाई जन्मभूमिभन्दा प्रिय स्वर्ग पनि होइन होला । यति कुरा अवश्य हो स्वर्गसँग दाँजिएको जन्मभूमि स्वर्ग हो । हामीभन्दा पहिले पनि मानिस आफ्नो जन्मभूमि छाडेर लामो समय टाढा बसेका रहेछन् र त स्वर्गका बारेमा अनि जन्मभूमिका बारेमा यति मिठा कुरा लेख्न सकेका रहेछन् । स्वर्गमा त सुखैसुख पाइन्छ भनिन्छ तर आज मलाई जन्मभूमि सुख दिने होइन बरू मन कोक्याउने विषय बनिरहेको लाग्छ । लामो समय पर्खेर चारतिरका झन्झटबाटसमय मिलाएर ठुलो उत्साह लिएर गाउँ जानु अनि पुराना स्मृतिका घाउहरू कोट्याउनुको नाम जन्मभूमि बनेको छ । 'घरमा जाने बाल्यकालका कुराहरूलाई ताजा पार्ने अनि घरको मूल ढोकामा दुई थोपा आँसु बगाउने अनि पर्किने ।' यात्राकै क्रममा माहिला भाइ बैकुण्ठले यसो भनिरहँदा हामी अरू तीन भाइ (नारायण, उपेन्द्र र केशव) पनि भावुक बनेका थियौं । चटक्क छाडेर हिंडेको तर सधैं मनको केन्द्रमा बसिरहने अरू धेरैको जस्तै हाम्रो पनि प्यारो घर जान हामीचार भाइले बेलाबेलामा हिम्मत जुटाउनुपर्छ । किनकि घर जानु भनेको एकपटक रोएर आउनु पनि हो भन्ने हामीलाई थाहा छ त्यसैले एक्लाएक्लै जाने हिम्मत प्रायः गर्दैनौं सँगै जाने प्रबन्ध मिलाउँछौं । धेरैबेरदेखि हामीहरूका कुरा सुनिरहेका हाम्रा सहयात्री नुवाकोटका प्रिय भाइ सुदर्शन न्यौपानेले भन्नुभयो 'अरू त ठिकै हो सर रुनु चाहिँ किन नि ?' हाम्रा लागि यो सबैभन्दा अप्ठ्यारो प्रश्न थियो । त्यसको उत्तर तत्काल हामी कसैले पनि दिन सकेनौं । हामी मुखामुख गर्‍यौं । हिजो हामीलाई त्यो ठाउँ, त्यहाँका सेवासुविधा र सम्भावनाहरू अपर्याप्त भएरै गाउँ छोडेका हौं । अहिले हामी जहाँ छौँ हिजोको बाल्यकालको भन्दा राम्रो अवस्थामा छौँ । जीवनलाई सहज पार्न चाहिने धेरै कुराहरू आज हामीसँग छन् । अनि पनि साँच्चै हामीलाई रुन किन परेको होला ? त्यसको उत्तर हामीसँग छँदै थिएन त्यसैले सजिलै कुनै भायको पनि मुखबाट आएन । केही छिनपछि मैले भनें 'त्यसको उत्तर हामीसँग छैन भाइ ।' यो केवल भावनाको कुरा हो शब्दले व्यक्त गर्न नसक्ने कुरा । सायद ती कुरालाई सम्बोधन गर्ने शब्द अपर्याप्त छन् । आफ्नै जमिनमा मोटर बाटो, घरमा बिजुली बत्ती, घरछेउमा विद्यालय, ठाउँठाउँमा पुलहरू, आधुनिक कृषि औजार, मल, बिउबिजन, चाहिएका बेला छरितो साधनद्वारा आवत जावत, रुपैयाँपैसा भए सबै चिजको उपलब्धता आज जसरी गाउँमा प्राप्त छ हिजो हामीले कल्पनै गरेका थिएनौं । सहज जीवनको खोजीमा हामी गाउँबाट हिंडेका थियौं । माथि भनिएका धेरै कुराहरू हिजो गाउँमा भएका भए सायद हामी बाहिर हिँड्दैनथ्यौं । हामी मात्र होइन धेरै मानिसहरूले आफ्नो जन्मभूमि छाड्दैनथे । यी सबै सम्पन्नताहरू एकातिर जन्मभूमि अर्कोतिर राखेर दाँज्दा उही पुरानै स्मृतिहरू बलिया भएर आएपछि मानिस सायद घर गएका बेला रुन्छ । घरकी शोभा आमा सम्झेर रुन्छ, घरको छाना बाबु सम्झेर रुन्छ । बाल्यकालका अरू रमाइला दिन सम्झेर रुन्छ । तीता, पिरा, अमिला घटनाहरू सम्झिएर पनि रुन्छ । सबैभन्दा बढी आफ्नो मुटु त्यहाँको माटोसँग जोडिएकाले रुन्छ । यायावरीय जीवनको परम्परा निकै पुरानो हो । वैदिक कालीन जीवनका बारेमाअध्ययन गर्न थाल्ने हो भने यसका गहकिला दृष्टान्तहरू पाइन्छन् । मानिसहरू अहिलेका जस्ता धेरै प्रकारका स्वार्थले प्रेरित पनि थिएनन् । उनीहरूको बस्ने ठाउँको टुङ्गो थिएन र खाने कुराको पनि त्यस्तो खास व्यवस्था थिएन । सभ्यताको विकास हुँदै थियो । भोग्दै सिक्दै गर्ने क्रम जारी थियो । हजारौं वर्ष त्यसरी बिताएपछि मात्र मानिसले आजको जस्तो विकसित समय पाएको हो । मानिस जन्मियो, मानिससँग भोक जन्मियो । भोकले मानिसलाई सायद धेरै कुरा सिकायो होला । सँगसँगै जन्मियो होला मन पनि । मनलाई चित्त बुझाउन मानिसलाई धेरै प्रयत्न गर्नुपरेहोला भन्ने लाग्छ । आज पनि मानिस तन र मनको भोकले नै त चलिरहेको छ । ज्यादै सानो भइकन धेरै कुरा अटाउने मन आजको विज्ञानभन्दा धेरै ठुलो छ । धेरै कुरा गरिसकेर पनि विज्ञानले मनको चित्त बुझाउन सकिरहेको छैन । एकपछि अर्को गरी निराकार मनको इच्छा पूरा गर्नमै व्यस्त छ विज्ञान र सायद ज्ञान पनि यही मनको अधीनमा छ । एउटा कुरा पुरा भयो भन्न नपाउँदै अर्को कुरा गर्ने इच्छा पलाउँछ । भोग र योगको पनि आधारभूमि मन नै हो । मानिससँग रहेका कर्मेन्द्रिय र ज्ञानेन्द्रियको रिमोट कन्ट्रोल मनको अधीनमा छ भनिन्छ । मनलाई वशमा राख्दा योग हुने र मनलाई खुला छाड्दा भोग हुने सिद्धान्तकै वरिपरि छौँ हामीहरू । मलाई धेरै मन परेका केही कृतिहरूमध्येको एक मदनमणि दीक्षितको माधवी उपन्यास त्यसमा पनि गहिरो गरी मनमा बसेको घटना माधवी र गालवको यायावरीय यात्रा । अघिअघि माधवी र पछिपछि माधवीलाई खोज्दै हिँडेका गालवको यात्राका क्रमका जेजति दृश्यबिम्बहरूको वर्णन छ त्यो वर्णन पढेर मनमा परेको प्रभाव अमीट रहेर बसेको छ । गाउँमा जाँदा गालवले माधवीका पाइलाको सुगन्ध खोजेझैँ हामीले बाल्यकालको सुगन्ध खोज्न थाल्छौं । आमाको स्नेहपूर्ण न्यानो बोली खोज्न थाल्छौं । तमाम अभाव र अपूर्णतामा पखेटाभित्र हामीलाई च्यापेर न्यानो दिइरहने आमाको काख अहिले त्यहाँ छैन । पिताजीको कर्तव्ययुक्त आदेश सम्झिन थाल्छौं । एक प्रकारले गुरुकुल शैलीको हाम्रो घरमा पिताजीले जतिखेर पनि पाठ दिनुहुन्थ्यो । हामी साना छँदा हाम्रो घरमा पिताजीका कोही न कोही अन्तेवासी शिष्यहरू भइरहन्थे । म बेलुका आउँदा यतिओटा सूत्र याद गरिराखनू वा अमरकोशका यति श्लोक साँझ मलाई सुनाउनू । फलानो सूत्र वा श्लोक अशुद्ध उच्चारण गर्‍यौ त्यसलाई शुद्ध उच्चारण गर । एवं क्रमले पिताजीले घरको काम अह्राए पनि हामीलाई कौमुदीको पाठ दिएजस्तो लाग्थ्यो । पिताजी कोमल हुनुहुन्थ्यो तर हामी पिताजीसँग असाध्य डराउँथ्यौं, नजिक पर्न सक्दैनथ्यौं । पिताजी नभएको घर कसैले कल्पना पनि गर्न सक्दैनथ्यौं । तर, अब त्यो घरमा पाठ दिने पिताजी पनि हुनुहुन्न । पिताजीको डर पनि छैन । छ त केवल ती सबै कुराको अभावको अँध्यारो गुफा । त्यो स्मृतिको गुफाभित्र छिर्न कठिन भएर नै हामी भावुक बन्छौं र रुन्छौं । प्रिय सुदर्शन बाबु हामी रुने कुरा सुनेर तपाईंलाई आश्चर्य लाग्नु स्वाभाविक पनि होला । तपाईंले अहिलेसम्म आमा नामको संस्थाको स्नेह पाइरहनुभएको छ । आफूमाथि छानो बनेर आमाका न्याना पखेटा रहुन्जेल तपाईंलाई हामीलाई जस्तो रुन मन लाग्दैन । रुने कुरा पनि सायद अचम्म लाग्दो हुन सक्छ । ईश्वरका अनुकम्पाले धेरै समयसम्म तपाईंलाई माताजीको आशीर्वाद प्राप्त भइरहोस् । समयले गर्ने यस्ता धारिला प्रश्न अनि समयले नै दिने तिनको पेचिलो उत्तर पाउन हामीले समयको प्रतीक्षा गर्नैपर्छ । त्यो ठाउँ जहाँ पहिलो पटक आँखा खुल्यो, आमाको काखमा च्याँ गरेर पहिलो वाणी निस्कियो त्यही त हो ब्रह्मदृष्टि, त्यही त हो ब्रह्मवाक्य । आज जति पनि ज्ञान गरियो भनेका छौँ त्यसको बीज चेतना त्यही पहिलो रुवाइ नै त हो । जन्मभूमिमा गएर आज रुनु भनेको पनि त्यही चेतनाको स्पष्टीकरण त हो नि सुदर्शन बाबु ! घरमा हिजोका अरू धेरै कुरा थिएनन् जुन कुरा हिजो हामी छँदा थिए । घरभरि दिदीबहिनी दाजुभाइ सधैँ उत्सव मनाउने घरजस्तो, सधैँ चाडबाड आएजस्तो रमाइलो हाम्रो विशाल परिवार, परिवार अनुसारको सबैको आ-आफ्नै दायित्व आज ती सबै कुराहरू पनि छैनन् आज हाम्रो घरमा तर ती धेरै कुराले पनि छोएनन् । घरमा बा हुनुहुन्न, आमा हुनुहुन्न यति विशाद नै पर्याप्त थियो हाम्रा लागि । एक प्रकारले हाम्रो संसार नै छैन त्यो ठाउँमा अहिले सायद हामी रुनुको एउटा कारण त्यही थियो । अनि अरू कारणहरू जहाँ पहिलोपटक वामे सरियो त्यो माटो, पहिलो पटक पाइला राखियो त्यो भूमि, पहिलो थोपा आमाको स्तनबाट निस्किएको अमृतस्वरूप दुधको थोपा, यस्तै यस्तै अनगिन्ती यादहरूको कोलाज हो हामीलाई हाम्रो घर । त्यसैले त रुन मन लागे होला । चाहँदैमा रुन कहाँ पाइन्छ र सुदर्शन बाबु ! न हाँस्न नै पाइन्छ । त्यसको निम्ति त कारण चाहिन्छ । अकारणजस्तो लाग्ने त्यो आँसुको उपहार हामीलाई समयले दिएको हो । गाउँ छोडेर पनि सन्तोषपूर्ण जीवन नभएको भए ती आँसुको भिन्नै अर्थ लाग्थ्यो आज भिन्नै अर्थ लागेको छ ती आँसुको । यस यात्रामा केही आफन्तसँग भेट्दा मलाई आमा हुने समयको एउटा घटनाको सम्झना भयो । आमा जीवनको अन्तिम समयको वरिपरि हुनुहुन्थ्यो । केएमसीको एउटा बेडमा उपचाररत हुनुहुन्थ्यो । आमाको अन्तिम अवस्थाको सूचना पाएर धेरै आफन्तजन आमालाई भेट्न अस्पतालमा आउने क्रम बढिरहेको थियो । आमा अफ्ना हरेक आफन्तलाई भेट्दा रोइरहनुभएको थियो । आमा किन रुनुभयो त्यो कुरा आमाको देहावसानसँगै समाप्त भयो । तर, त्यही समयको भेटमा आउनुभएका एकजना आफन्तले बाहिर आएर अरू आफन्तसँग 'बिचरा निकै दुःख दिएछन् छोराहरूले हामीलाई देख्दा रुनुभयो' भनेछन् । ती आफन्तसँग पनि यसपटक भेट भयो । सायद आमा त्यो कारणले भन्दा पनि अन्य कारणले रुनुभएको थियो । जसोतसो आफ्नो गच्छे अनुसारको हेरचाह हामीले गरेका थियौं । सायद आमालाई जीवनको समाप्तिको बोध भएर रुनुभएको थियो । त्यस्तै यसपटक पिताजीले हाम्रो लालनपालनको निम्ति गुरुकुल चलाएर बसेको जैमिनि घाट (जसलाई मीमांसा दर्शनका प्रतिपादक महर्षि जैमिनिले तपस्या गरेको ठाउँ भनिन्छ । स्थानीय जनबोलीमा ज्यामिरघाट) को बाटो हुँदै आउँदा मन ढक्क फुलेर आयो । दुई थोपा श्रद्धाका आँसु त्यहाँ पनि विसर्जन भए । यस्तै घटना परिघटनाहरूले हामी रुन्छौं अनि आफन्तका स्वकीय बुझाइ र तिखा प्रतिक्रियाले नै हामीलाई बाँच्ने र निरन्तर आगो बन्ने प्रेरणा प्राप्त हुन्छ । गाह्रो नमान्नु प्रिय सुदर्शन बाबु तपाईंको प्रश्नको चित्तबुझ्दो उत्तर अहिले हामीसँग छैन । जननी जन्म भूमिश्च स्वर्गादपि गरीयसी !

**-इहिमालय टाइम्स डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पतालः ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काममा सफलता मिल्नेछ । अवसरको प्राप्ति रहनेछ । | **तुला** : न्यायिक कार्यमा सफलता मिल्नेछ। आँटेको र ताकेको कार्य पुरा होला । |
| **वृष** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ । | **बृश्चिक** :सौन्दर्यतामा धन खर्च हुनेछ । यात्रा गर्दा सचेत रहन पर्नेछ । |
| **मिथुन** : विशिष्ट व्यक्तिको साथ पाइनेछ। सामाजिक कार्यमा सफलता मिल्नेछ । | **धनु** : भाग्यले विभिन्न अवसर जुराउनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ । |
| **कर्कट** : निर्णायक क्षमतामा कमी आउनेछ। स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ। | **मकर** : कुनै कुराले मनमा प्रसन्नता छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ। |
| **सिंह** : नयाँ ज्ञान सिक्ने मौका मिल्ने छ । परिवारजनमा खुसी छाउँनेछ । | **कुम्भ** : सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। श्रमको उचित मल्याङ्कन हुनेछ । |
| **कन्या** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । नयाँ अनुभव मिल्नेछ । | **मिन** : पारिवारिक समस्या आइपर्ला । विचार गरेर निर्णय लिनु उचित होला । |

# तानसेनमा एमालेले सदस्यको परीक्षा लिदै




**पाल्पा,** चैत ३/नेकपा एमाले तानसेन नगर कमिटीले सबै पार्टी सदस्यहरुको परीक्षा लिन लागेको छ । एमालेले पार्टी सदस्यहरुको ज्ञानको पुर्नताजकी र क्षमता बढाउन परीक्षा लिन लागेको हो ।

उसले परीक्षाको लागि केन्द्राध्यक्ष र केन्द्र समेत तोकेको छ । पार्टी सदस्यहरुको ज्ञानको पुर्नताजकी र क्षमता बढाउने अभियान अर्न्तगत नगर पालिकाका १४ वटै वडामा यही चैत्र ५ गते ११.३० देखी १२.०० बजेसम्म संगठित सदस्यहरुको उपस्थितीमा परीक्षा सञ्चालन गर्न लागिएको नगर कमिटी अध्यक्ष गुराँस आत्रेयले बताए । आत्रेयका अनुसार नेकपा एमाले लुम्बिनी प्रदेश कमिटीको निर्णय अनुसार परीक्षामा १५ वटा बहुबैकल्पिक प्रश्न आउनेछन् । परिक्षार्थीले सहि उत्तरमा टिक लगाउनुपर्नेछ । कमिटीले तयार पारेको प्रश्न नेकपा एमाले र समसामयिक विषयसँग सम्बन्धित हुनेछ, जुन केन्द्राध्यक्षले जिल्ला पार्टी कार्यालयबाट लैजानुपर्नेछ । नेकपा एमालेका थप जिम्मेवारीमा जान अनिवार्यरुपमा परीक्षामा समावेश भएको हुनुपर्ने व्यवस्था गरेको छ । आफ्नो वडाभन्दा बाहिर रहेका संगठित सदस्यको अनलाईनबाट परीक्षा सञ्चालन गर्ने तयारी रहेका नगर अध्यक्ष आत्रेयले बताए । परीक्षा सञ्चालनको लागि बिहीबार नेपाल कम्युनिष्ट पार्टी (एमाले) तानसेन नगर कमिटी पाल्पाको पदाधिकारी बैठक बसी प्रत्येक वडामा जिल्ला कमिटी सदस्यहरुबाट केन्द्राध्यक्ष, सहजकर्ता र परीक्षा केन्द्र तोकेको छ । जसमा केन्द्राध्यक्षले वडा कमिटी अध्यक्ष र सहजकर्तासँग समन्वय गरी परीक्षा सञ्चालन गर्ने छन् । बैठकमा लुम्बिनी प्रदेश कमिटी सदस्य तथा नगर इन्चार्ज क.नारायणी शर्मा र जिल्ला कमिटी सचिवालय सदस्य तथा नगर इन्चार्ज दामोदर घिमिरेले लामो समय पार्टीमा लागेर समाज रुपान्तरणको लागि काम गरिरहेका संगठीत सदस्यहरु परीक्षामा सहभागी हुँदा थप ज्ञानको हासिल हुने र पार्टी अझ चलायमान हुने बताए । सोही बैठकले तानसेन नगरपालिका भित्रका कुखुरा र बाखा पालक किसानहरुको लागि चैत्र ९ गते तानसेनमा विशेषज्ञ पशु डाक्टर र बैकंरबाट कुखुरा र बाखा पाल्ने तरिका लगायत व्यवसायिक योजनाका विषयमा विशेष तालिम सञ्चालन गर्ने निर्णय समेत गरेको छ । सदस्यहरुलाई उद्यमशिलता वृद्धि गर्न पेशा गरिरहेका वा गर्ने योजना बनाएका सदस्यहरुलाई तालिममा सहभागीता गराउने नगरकमिटीले जनाएको छ । साथै बैठकले आउदो चैत्र १७ गते शनिवार तानसेनको पर्यटकिय स्थल रानीमहलमा गर्ने निर्णय गरेको छ । तानसेनको महत्वपूर्ण पर्यटकीय स्थलको थप प्रवर्द्धनको लागि रानीमहल बैठक प्रभावकारी हुने नगर कमिटी सचिव महेशलाल शाक्यले जानकारी दिए ।

खेलकुद समाचार

## अभ्यास खेलमा नेपाल मलेसियासँग पराजित



**काठमाडौं,** चैत ३/अभ्यास खेलमा नेपाल मलेसियासँग पराजित भएको छ । फिफा विश्वकप र एएफसी एसियन कपको संयुक्त छनोट अन्तर्गत बहराइनविरुद्धको खेलअघि नेपालले मलेसियामा खेलेको अभ्यास खेलमा ५-१ ले पराजित भएको हो ।

खेल कूल १४० मिनेट खेलाइएको थियो भने ३५-३५ मिनेटको चार हाफमा खेलाइएको फुटबल एसोसिएसन अफ मलेसियाले जनाएको छ । मलेसियाको लागि डारेन लोकले ३१औं र ३५औं मिनेटमा गोल गरे । यस्तै स्टुअर्ट विल्किनले ४६ औं, डानिएल टिङले ४८ औं तथा मुखाइरी अज्मल माहदीले १३५ औं मिनेटमा गोल गरे । नेपालका लागि समिर तामाङले एक मात्र गोल फर्काएका थिए । समिर पहिलो पटक नेपालको सिनियर टिममा परेका हुन् । विश्वकप छनोटको दोस्रो चरणको समूह बी मा रहेको नेपालले बहराइन विरुद्ध होम एण्ड अवे दुवै म्याच बहराइनमै खेल्नेछ । नेपाल र बहराइनबीच चैत ८ र १३ गते खेल हुनेछ ।

अर्थ/कर्पोरेट समाचार

## पेट्रोलियम पदार्थको मूल्य घट्यो



**पाल्पा,** चैत ३/पेट्रोलियम पदार्थको मूल्य घटेको छ । भारतबाट नयाँ मूल्यसूची आएपछि नेपाल आयल निगमले पेट्रोलमा १ रुपैयाँ र डिजेल/मट्टितेलमा १/१ रुपैयाँ घटाएको हो ।

इन्डियन आयल कर्पोरेसनले शुक्रबार पठाएको नयाँ मूल्यसूची अनुसार मूल्य समायोजन गरिएको नेपाल आयल निगमले जनाएको छ । नयाँ मूल्य शुक्रबार मध्य रातिदेखि लागू भएको निमगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । खाना पकाउने ग्यास र हवाई इन्धनको मूल्य भने यथावत राखिएको छ । निगमले पेट्रोलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर एक सय ६८ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ७० र तेस्रो वर्गका लागि एक सय ७१ तोकेको छ । निगमका अनुसार डिजेल र मट्टितेलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर एक सय ५५ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ५७ र तेस्रो वर्गका लागि एक सय ५८ कायम भएको छ । पहिलो वर्ग अन्तर्गत चारआली, विराटगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्ग अन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायर रहेका छन् । इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलमा प्रतिलिटर १ रूपैयाँ २२ पैसा र डिजेलमा २ रूपैयाँ ०६ पैसा घटेर आएको निगमले जनाएको छ ।

# पाल्पा आँखा अस्पतालको अर्धवार्षिक समीक्षा



**पाल्पा,** चैत ३/झण्डै ४ दशकदेखि आँखा उपचारको क्षेत्रमा सेवा दिँदै आएको पाल्पा लायन्स लाकोल आँखा अस्पतालले अर्धवार्षिक समीक्षा गोष्ठी गरेको छ ।

नेपाल नेत्र ज्योति संघ पाल्पाद्वारा सञ्चालित अस्पतालले आफ्नो र आफु मातहत सञ्चालित उपचार केन्द्रहरुले ६ महिनामा गरेका गतिविधि, कार्य योजनाका बारेमा तानसेनमा समीक्षा गरेको हो । समीक्षा गोष्ठीमा अस्पतालका कार्यक्रम संयोजक शन्तोष दर्जी, व्यवस्थापक जीवनाथ गैरेले अस्पतालले गरेका गविधि र प्रगतिका बारेमा प्रतिवेदन प्रस्तुत गरेका थिए । यस्तै कालीगण्डकी आँखा उपचार केन्द्र रामपुरका इञ्चार्ज सुन्दर राना, तिनाउ आँखा उपचार केन्द्रका रमेश साहनी र रैनादेवी छहरा उपचार केन्द्रका मनोज शर्मा लगायतले आ-आफ्नो उपचार केन्द्रका प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । अस्पतालले अहिले पाल्पामै पहिलो पटक मोती विन्दुका विरामीहरुको अत्याधुनिक मेसिन फेकोबाट (अप्रेसन) शल्यक्रिया सेवा सञ्चालन गरेको जनाएको छ । यसअघि आँखा अप्रेस गर्नु परेमा भैरहवा, पोखरा, काठमाडौं जानुपर्ने बाध्यता रहेको थियो । पाल्पामै फेको मेसिनबाट आँखाको अप्रेस गर्न थालेपछि भने बाहिर जानुपर्ने बाध्यता हटेको अस्पतालले जनाएको छ । रामपुरमा पनि निकट भविष्यमा सर्जिकल सेन्टर स्थापना गरी सेवा दिने तयारी रहेको अस्पतालका कार्यक्रम संयोजक दर्जीले बताए । समीक्षा गोष्ठीमा आँखा अस्पताल र उपचार केन्द्रहरुलाई थप व्यवस्थित बनाएर लैजानुपर्नेमा जोड दिइएको छ । अस्पताल सञ्चालनका लागि थुप्रै समस्याहरु भएकाले तिनलाई क्रमश: समाधान गर्दै जानुपर्ने आवश्यकता रहेको अस्पतालका डाक्टर सुचन कुमार पुनले बताए । उनले गुल्मी अर्घाखाँचीका उपचार केन्द्रमा समेत शल्यक्रिया सेवा दिनु पर्ने भएकाले थप डाक्टरको आवश्यक रहेको उल्लेख गरे । कालीगण्डकी आँखा उपचार केन्द्रका सभापति भिम विश्व भट्टराईले रामपुर अस्पताल सञ्चालनमा विविध समस्या रहेकाले समाधानका लागि अस्पताल ब्यवस्थापन समितिको ध्यानाकर्षण गराए । कार्यक्रममा अस्पतालका कार्यवाहक सभापति भिमसेन कार्कीले छलफलमा उठेका कुराहरुको जवाफ दिदै सिमित श्रोत साधनबाट सञ्चालित अस्पतालमा दुई जना डाक्टरको दरबन्दी भए पनि एक जना मात्र भएकाले समस्या रहेको स्वीकार गरे । उनले डाक्टर अभावका कारण अस्पतालाई सेवा प्रवाहमा केही चुनौति रहेको बताए । कार्कीले भने 'हामीसँग एक जना मात्र डाक्टर छन् उनबाटै पाल्पा, गुल्मी र अर्घाखाँचीसम्म हेर्नुपर्ने हुन्छ ।' पहाडी जिल्लामा डाक्टर आउन नै नमान्ने गरेका कारण डाक्टरको अभाव रहेको उनको भनाई । उनले भने,'डाक्टर आए पनि केही समय बस्ने र ठूला ठूला अस्पतालमा जान खोज्ने गर्दा आँखा अस्पतालहरुलाई समस्या भएको छ ।' आगामी दिनमा कर्मचारीको व्यवस्थापन गरी सेवा प्रवाहलाई चुस्त बनाईने कार्कीले बताए । कार्यवाहक सभापति कार्कीको अध्यक्षता, सचिव राजेन्द्र लिगलको सञ्चालनमा समीक्षा गोष्ठी भएको थियो ।

# 'सुन काण्डमा आफ्नालाई बचाउन खोजेको उजागर भयो'



**पाल्पा,** चैत ३/नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा युवा नेता अजयबाबु शिवाकोटीले तत्कालिन गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुन प्रकरणमा आफ्नालाई बचाउन खेलेको भुमिका अहिले उजागर भएको बताएका छन् ।

संस्थागत सुन तस्करी प्रकरणको छानविन गर्न पूर्व न्यायाधिश डिल्लीराज आचार्यको नेतृत्वमा गठित छानविन समितिले गृह मन्त्री रवि लामिछानेलाई बुझाएको प्रतिवेदनपछि यो प्रकरणमा कसरी मुख्य पात्र र तिनका संरक्षकहरुलाई बचाउन खेल भएको रहेछ भन्ने कुरा स्पष्ट रुपमा उजागर भएको उनले बताएका हुन् । नेता सिवाकोटीले आफ्नो फेसबुक पेजमा सुन प्रकरणका बारेमा आफ्ना धारणा सार्वजनिक गर्दै मुख्य पात्र र तिनका संरक्षकलाई कसरी बचाउने खेल भएको रहेछ भन्ने अहिले देखिएको उल्लेख गरेका छन् । 'सुन तस्करी प्रकरणमा अनुसन्धानमा लापरवाही गर्ने सिआइबी प्रमुख किरण बज्राचार्यलाई विभागीय कारबाहीको सिफारिस भएबाट पनि उनलाई अनुसन्धानमा कम्प्रोमाइज गर्न क-कस्ले दबाब दिएका थिए वा उनी आफैंले मोलाहिजा राखेकी थिइन खुल्दै जाला' उनले भनेका छन्,' तत्कालिन गृहमन्त्री श्रेष्ठले चलाएको गृह प्रशासनले आफ्नालाई काखा र अरुलाई पाखा गर्दा सुन तस्करीको आरोपित पूर्व उपराष्ट्रपति नन्दकिशोर पुनको परिवारलाई उन्मुक्ती दिइएको, पूर्व सभामुख कृष्ण बहादुर महरालाई सामान्य सोधपुछ पछि उन्मुक्ती दिइएको, सुन तस्करीमा आरोपित अर्थमन्त्री बर्षमान पुनलाई अनुसन्धानको दायरामै ल्याइएन ।

बरु सिआइबीको नियन्त्रणमा आएका सुन तस्करीका बिचौलिया जीवन चलाउनेको बयान च्यातेर, प्रमाण नष्ट गराएर नयाँ बयान दिन लगाइ फरार गराइयो । चलाउनेले नाम लिएका भनिएका पूर्व आइजीपी तथा एमाले नेता सर्वेन्द्र खनाललाई अनुसन्धानमै उन्मुक्ती दिलाउन समेत नारायणकाजीको शंकास्पद भूमिका देखिएको छ । नयाँ गठबन्धन बन्दा पनि श्रेष्ठ गृहमै बस्न मरिहत्ते गरिरहेको पछाडीको मुख्य कारण अपराधमा संलग्न आफ्नालाई बचाउने रहेको देखिने शिवाकोटीको दाबी छ । 'आफ्नाहरु एकपछि अर्को सुन तस्करीमा जोडिदै गर्दा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नयाँ गठबन्धन बनाउन लाग्नु र नयाँ गठवन्धन बनाउन जिम्मेवारी पाएका तथा सुन तस्करीमा नाम जोडिएका वर्षमान पुनलाई अर्थ मन्त्रालयमा ल्याउनु यो पक्कै संयोग हैन,' उनले भनेका छन् ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई